# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, मंसिर ११ गते, २०८२ साल (अतिरिक्ताङ्क १८

## भाग १

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको ऐन नं.१४

**गण्डकी विश्वविद्यालय (पहिलो संशोधन) विधेयक, २०८२**

**प्रस्तावना:** गण्डकी विश्वविद्यालय ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "गण्डकी विश्वविद्यालय (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा ७ मा संशोधनः</u>** गण्डकी विश्वविद्यालय ऐन, २०७६ (यसपछि "मूल ऐन"- भनिएको) को दफा ७ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) न्यासिक परिषद्मा देहायका सदस्यहरु रहनेछन् :-

(क) कुलपति -सदस्य

(ख) उपकुलपति -सदस्य

(ग) विश्वविद्यालय रहेको स्थानीय तहको प्रमुख -सदस्य

(घ) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ङ) प्रदेश सचिव, शिक्षा हेर्ने प्रदेश सरकारको मन्त्रालय -सदस्य

(च) प्रदेश सचिव, आर्थिक मामिला हेर्ने प्रदेश सरकारको मन्त्रालय -सदस्य

(छ) प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग -सदस्य

(ज) प्राज्ञिक, समाजसेवी, दाता, लगानीकर्ता र प्रतिष्ठित व्यक्तिहरुमध्येबाट कम्तीमा पाँच जना महिला सहित पन्ध्र जना -सदस्य

(झ) रजिष्ट्रार -सदस्य"

(२) उपदफा (१२) को सट्टा देहायको उपदफा (१२) राखिएको छः-

"(१२) रजिष्ट्रारले न्यासिक परिषद्को सचिवको रुपमा समेत काम गर्नेछ।"

३. **<u>मूल ऐनको दफा २३ मा संशोधनः</u>** मूल ऐनको दफा २३ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) विद्यावारिधी उपाधि हासिल गरेको, प्राज्ञिक वा प्रशासनिक वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको र पैंतालिस वर्ष उमेर पुरा गरेको व्यक्ति कुलपतीको लागि योग्य हुनेछ।"

४. **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ को,-

(१) उपदफा (१) झिकिएको छ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) विद्यावारिधी उपाधि हासिल गरेको, प्राज्ञिक क्षेत्रमा कम्तीमा आठ वर्षको अनुभव हासिल गरेको र चालिस वर्ष उमेर पुरा गरेको व्यक्ति उपकुलपतीको लागि योग्य हुनेछ।"

(३) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) कुलपतिलाई पदमुक्त गर्दा अपनाइने समान आधार, कार्यविधि र प्रक्रिया अपनाई मुख्यमन्त्रीले उपकुलपतिलाई पदमुक्त गर्न सक्नेछ।"

५. **मूल ऐनको दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) रजिष्ट्रारको नियुक्तिका लागि सिफारिस गर्न न्यासिक परिषद्ले उपकुलपतिको संयोजकत्वमा तीन सदस्यीय एक समिति गठन गर्नेछ । सो समितिले रजिष्ट्रार पदमा नियुक्त हुन योग्य तीन जनाको नाम कुलपति समक्ष सिफारिस गर्नेछ ।यसरी सिफारिस भएका व्यक्तिहरु मध्ये कुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ।"

प्रमाणीकरण मितिः २०८२।०८।११

आज्ञाले,
ऋषिराज आचार्य
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । मूल्य रु.१०।-